मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

# पूर्वाञ्चल

Purwanchal National Daily

वीरता जेसीजको
अध्यक्षमा एलपी श्रेष्ठः पृष्ठ ३मा



◆ वर्ष : ३१ ◆ अङ्क : ६३ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८२ माघ ५ गते सोमबार (Monday, 19 January. 2026) नेपाल सम्वत् ११४६ Web : www .purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

# झापा ३मा एमालेले किन तोकेन उम्मेदवार ?

## एमाले कार्यकर्ताले यसपटक पनि 'सूर्य'मा मतदान गर्न नपाउने संकेत

**पार्थ मण्डल**

**झापा, माघ ४।** झापा क्षेत्र नम्बर ३मा यसपटक पनि नेकपा (एमाले) का नेता तथा कार्यकर्ताले सूर्य चिन्हमा मतदान गर्न नपाउने संकेत देखिएको छ ।

शनिवार सम्पन्न एमालेको सचिवालय बैठकले देशभरका अधिकांश निर्वाचन क्षेत्रमा उम्मेदवारको टुङ्गो लगाएको छ । झापाका पाँच वटा निर्वाचन क्षेत्रमध्ये एमालेले चार वटा निर्वाचन क्षेत्रमा उम्मेदवार खडा गरिसकेको छ । तर, झापा ३मा भने कोही उम्मेदवार परेनन् । अध्यक्ष केपी शर्मा ओलीले नाम टुंग्याउने भनेर छाडिएको बताइन्छ ।

झापा १मा रामचन्द्र उप्रेती, झापा २मा देवराज घिमिरे, झापा ४ मा मनोज ताम्ली र झापा ५मा अध्यक्ष केपी शर्मा ओली आफै उम्मेदवार बनेका छन् । झापा ३ले सिफारिस गरेका नामहरू समेत नपरेपछि यहाँका नेता तथा कार्यकर्ता असन्तुष्ट बनेका छन् । गतपुस १९ गते एमाले क्षेत्रीय समन्वय कमिटी क्षेत्र नं. ३को पूर्ण विस्तारित बैठकले प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि ५ जनाको नाम सिफारिस गरेको थियो । बैठकले प्रत्यक्षतर्फको उम्मेदवारका रुपमा केन्द्रीय सदस्य दीपक कार्की, हरिबहादुर राजवंशी, बसन्त बानियाँ, सन्तलाल मेचे र देवेन्द्र आचार्यको नाम सिफारिस गरी पठाएको थियो ।

झापा ३लाई जहिले पाखा लगाउने भन्दै बैठकले झापा ३ बाट अध्यक्ष केपी शर्मा ओलीको एकल नाम सिफारिस गर्ने बारेमा छलफल भएको थियो । तर, अन्ततः बैठकले व्यंग्यात्मक रुपमा केन्द्रीय सदस्य दीपक कार्कीको नाम सिफारिस गरेर पठाएको त्यस बेला बैठकमा सहभागी एक नेताले बताए । चिढिएका कार्यकर्ताहरूले एक नम्बरमा राखेर कार्कीको नाम पठाएका थिए । 'उनी झापा ५ का हुन्'- उनले भने ।

भर्खरै सम्पन्न एमालेको ११औं महाधिवेशनमा झापा ३बाट कोही पनि केन्द्रीय सदस्यमा परेनन् ।

त्यति मात्र नभएर फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको समानुपातिक सूचीमा पनि यस क्षेत्रबाट अध्यक्ष ओलीले कसैलाई पनि अटाएनन् । अहिले प्रत्यक्षतर्फ पनि उम्मेदवार नपर्दा यहाँका नेता तथा कार्यकर्ता निराश देखिएका छन् ।

२०७४ र २०७९ सालको प्रतिनिधिसभा सदस्य निर्वाचनमा पार्टी अध्यक्ष ओलीले राप्रपासँग चुनावी तालमेल गर्दा ती दुवै निर्वाचनमा एमाले नेता तथा कार्यकर्ताले सूर्य छाडेर हलोमा मतदान गर्नुपरेको थियो ।

यसपटक अध्यक्ष ओलीले त्यसै गर्न लागेको संकेत देखिएको छ । अध्यक्ष ओलीले राप्रपासँग चुनावी तालमेल गरे यहाँका नेता तथा कार्यकर्ताले यसपटक कुनै हालतमा प्रतिगामी र पुनरुत्थानवादीलाई नसघाउने भनी पूर्ण बिस्तारित बैठकमा निर्णय भइसकेको क्षेत्रीय सचिव नरेश चुडालले बताए ।

संविधान रक्षाका लागि लोकतान्त्रिक शक्तिहरुबीच चुनावी तालमेल हुने सम्भावना जिवितै छ । 'त्यसो नभएको खण्डमा यसपटक कार्यकर्ताले मतपत्रमा डटपेनले सूर्य चिन्ह बनाएर भए पनि भोट हाल्छन्'- सचिव चुडालले भने । 'अरू बेला सूर्य चिन्ह बोकेर हिँड्ने एमालेका कार्यकर्ताले चुनावको बेला अरूको झन्डा बोकेर उनीहरूकै चुनाव चिन्हमा मतदान गर्नुपर्ने यो कस्तो राजनीति हो'- अर्को एक नेताले भने- 'एकपटक वा दुईपटक हुन्छ सँधै भरि त्यस्तो कहाँ हुन्छ त, यसपटक त बिद्रोह गरिन्छ ।'

झापा ५ बाट उम्मेदवार बनेका अध्यक्ष ओलीको प्रमुख प्रतिस्पर्धी यसपटक रास्वपाका वरिष्ठ नेता बालेन्द्र शाह (बालेन) हुने निश्चित छ । बालेनलाई हराउन अध्यक्ष ओलीले झापा ३ लाई फेरि चुनावी हतियार बनाउन खोजेका छन् ।

कांग्रेस विभाजित हुनअघि एमाले र कांग्रेसबीच चुनावी तालमेल हुने योजना थियो । त्यस बेला एमालेले झापा १ र ३ कांग्रेसलाई छाड्ने मनस्थिति पनि बनाइसकेको थियो । अन्ततः कांग्रेस विभाजित भएपछि अब एमालेको एक मात्र विकल्प राप्रपा नै देखियो । गत पुस २३ गते एमाले अध्यक्ष केपी शर्मा ओली र राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनबीच ओली निवास गुन्डू, भक्तपुरमा भेटवार्ता भएको थियो ।

उक्त भेटमा दुई पार्टीका अध्यक्षबीच समसामयिक राजनीतिक विश्लेषण र लामो संवाद समेत भएको बताइएको छ । ओलीको निर्वाचन क्षेत्र पर्ने दमकमा राप्रपाको राम्रो पकड छ । बालेनलाई हराउन राप्रपाको भोट फेरि आवश्यक पर्ने भएकोले अध्यक्ष ओली र राप्रपा अध्यक्ष लिङ्देनबीच चुनावी तालमेल हुन सक्ने सम्भावना प्रबल छ । यो भएपछि झापा ३मा लिङ्देन पनि सुरक्षित हुने छन् ।

## झापामा निर्वाचनको तयारी तीब्र



**भद्रपुर, माघ ४।** झापामा निर्वाचनको तयारी तीब्र पारिएको छ ।

प्रतिनिधिसभा निर्वाचनका लागि झापामा उम्मेदवारी मनोनयन दर्ता तथा आचारसंहिताको बारेमा आइतवार जिल्ला प्रशासन कार्यालयमा सरोकारवालाबीच छलफल सम्पन्न भयो । माघ ६ गते हुने उम्मेदवारी दर्ताका लागि कार्यतालिका बनाइ बिहान १० बजेदेखि ५ बजेभित्र आचारसंहिता पालना गरी सबै दलले पालैपालो मनोनयन दर्ता गर्ने सहमति भएको छ । ५ वटै निर्वाचन क्षेत्रमा दलहरुले लिएको समय तालिका अनुसार मनोनयन दर्ता गर्नुपर्ने छलफलको निर्णय रहेको छ ।

झापाका मुख्य निर्वाचन अधिकृत तथा क्षेत्र नं. ३का अधिकृत समेत रहेका उमेशप्रसाद लुइँटेलको अध्यक्षतामा भएको छलफलमा प्रमुख जिल्ला अधिकारी शिवराम गेलाल, जिल्ला निर्वाचन अधिकारी तुलसी नेपालले निर्वाचनको तयारीको बारेमा जानकारी गराएका थिए । साथै अरु चारवटै निर्वाचन क्षेत्रका अधिकृतहरु १का गोपी विश्वकर्मा, २का महेशकुमार खत्री, ४का भीमप्रसाद भुर्तेल, ५का विदुरकुमार कार्कीले समेत आ-आफ्नो क्षेत्रका बारे जानकारी गराएका थिए ।

त्यस्तै स्वीकृत निर्वाचन आचारसंहिताको बारेमा जानकारी गराइएको थियो । निर्वाचनलाई स्वच्छ, निष्पक्ष, मर्यादित तथा विश्वसनीय बनाउन दल तथा उम्मेदवारहरु निर्वाचन व्यवस्थापन समितिका पदाधिकारीहरु, निर्वाचनमा खटिने कर्मचारीहरु, सुरक्षाकर्मीहरु, सञ्चारगृह तथा सञ्चारकर्मीहरु लगायतले आ-आफ्नो क्षेत्रबाट आचारसंहिता पालना गर्ने गराउने प्रतिबद्धता जनाइएको छ । छलफलमा झापाका राजनीतिक दल, सुरक्षा निकायका प्रमुखहरु सञ्चारकर्मी लगायत सरोकारवालाको सहभागिता रहेको थियो ।

## अर्जुनधारा जेसीजको अध्यक्षमा बिमला



**झापा, माघ ४ ।** झापा, अर्जुनधारा जेसीजको १२ औँ अधिवेशनबाट नयाँ कार्यसमिति चयन भएको छ । संस्थाको पहिलोपटक अध्यक्ष पदमा महिला नेतृत्व चयन हुनु विशेष उपलब्धिका रूपमा लिइएको छ ।

नवनिर्वाचित अध्यक्षमा बिमला भट्टराई चयन भएकी छन् । नयाँ कार्यसमितिअनुसार कार्यकारिणी उपाध्यक्षमा प्रजित थापा र उज्ज्वल खरेल चयन भएका छन् भने महासचिवमा गौरव भण्डारी, कोषाध्यक्षमा रञ्जिता दुलाल, कानूनी सल्लाहकार रमेश विष्ट मनोनित भएका छन् ।

अधिवेशनले नयाँ नेतृत्व चयनसँगै आगामी कार्यकालमा अर्जुनधारा जेसीजलाई अझ सक्रिय, प्रभावकारी र समुदायमैत्री बनाउने अपेक्षा गरिएको छ ।

## सर्भिसलेन र फुटपाथको माग

**कमल, माघ ४।** निर्माणाधीन एशियन हाइवेको विषयलाई लिएर झापाको कमल गाउँपालिका-३ केर्खा पूर्वका स्थानीयले संघर्ष समिति बनाएर आन्दोलन शुरु गरेका छन् ।

राजमार्ग निर्माणका क्रममा केर्खा बजार पश्चिमतर्फ बस स्टेण्ड, सर्भिसलेन र फुटपाथ राखिएको तर बजार पूर्वतर्फ बस स्टेण्ड लगायत कुनै पनि व्यवस्था नभएकोले बिस्तृत लागत परियोजना (डीपीआर) सच्याएर भएपनि सो ठाउँमा सर्भिसलेन र फुटपाथ राखिनुपर्ने स्थानीयको माग रहेको छ ।

राजमार्ग निर्माणका क्रममा केर्खा बजारदेखि पाँच सय मिटर पूर्व तर्फ बजार विस्तारको क्रममा रहेको र सो ठाउँमा बस स्टेण्ड, सर्भिसलेन र फुटपाथका लागि पटक-पटक सडक डिभिजन कार्यालयमा जाँदा पनि कुनै सुनवाई नभएपछि संघर्ष समिति बनाएर आन्दोलन शुरु गरेको समितिका संयोजक धनराज गिरीले बताए ।

केर्खा बजार पूर्व बजार बिस्तार हुने क्रममा छ । यस क्षेत्रमा सामुदायिक तथा संस्थागत बिद्यालय समेत रहेकोले विद्यार्थी र सर्वसाधारणलाई आवत जावतका लागि समेत सर्भिसलेन र फुटपाथ निर्माण गर्नुपर्ने स्थानीय राम बुढाथोकीले बताए ।

कमल गाउँपालिकाले केर्खा खोलासम्मको क्षेत्रलाई बजार क्षेत्र घोषणा गरेपनि पछिल्लो समय टोल क्षेत्रलाई बेवास्ता गर्दै कुनै पनि कार्यक्रम नभएकामा पछिल्लोपटक राजमार्ग निर्माणका क्रममा समेत आफूहरु मर्कामा परेको स्थानीय कमल शिवाकोटी बताउँछन् ।

## बालेन : मेयरबाट बिदा, घण्टी घरमा इन्ट्री



**झापा, माघ ४।** मेयर बालेन साहले काठमाडौं महानगरपालिकाको मेयरबाट राजीनामा दिएका छन् । उपमेयर सुनिता डंगोललाई सम्बोधन गर्दै उनले राजीनामा दिएका हुन् ।

स्वतन्त्र उठेर मेयर जितेका बालेनले रास्वपामार्फत् औपचारिक रूपमा राजनीतिक दलमा भित्रिएर संसदीय चुनाव लड्ने तयारीसहित राजीनामा दिएका हुन् । उनी रास्वपाको वरिष्ठ नेता भइसकेका छन् । झापा ५बाट एमाले अध्यक्ष केपी शर्मा ओलीसँग चुनाव लड्ने उनको तयारी छ ।

शाहले राष्ट्रिय स्वतन्त्र पार्टी रास्वपाका वरिष्ठ नेताको कार्यभार सम्हालेका छन् । आइतबार बनस्थलीस्थित रास्वपाको केन्द्रीय कार्यालय पुगेर उनले वरिष्ठ नेताको पदभार ग्रहण गरेका हुन् । मेयरबाट राजीनामा दिएर उनी बनस्थली पुगेर घण्टी बजाएका थिए । उनीसँगै जेन-जी अगुवा सुदन गुरुङ पनि घण्टीघर पुगेका थिए ।

घण्टीघरमा बालेनलाई स्वागत गर्न समर्थकको बाक्लो उपस्थिति रहेको थियो । उनलाई रास्वपा सभापति रवि लामिछानेले स्वागत गरेका थिए ।


## हार्दिक अपिल

**सम्पूर्ण कांग्रेसजनमा जय नेपाल !**

भर्खरै सम्पन्न विशेष अधिवेशनबाट नेपाली कांग्रेसले नयाँ नेतृत्व चयन गरेको कुरा सर्वविदितै छ । लामो ऐतिहासिक महत्त्व बोकेको पार्टीभित्र सामान्य सन्तुष्टि-असन्तुष्टि स्वाभाविकै हो । कांग्रेसको विधान बमोजिम सम्पन्न विशेष अधिवेशनबाट निर्वाचित नेतृत्वलाई निर्वाचन आयोगले वैधानिकता दिइसकेको परिप्रेक्षमा ऐतिहासिक विरासत बोकेको पार्टीको चुनाव चिन्ह रुक र चारतारे झण्डामुनि गोलबद्ध भइ आउँदो फागुन २१ को निर्वाचनमा एकजुट भएर कांग्रेस विजय अभियानमा सक्रियतापूर्वक सहभागी हुन नेपाल प्रजातन्त्र सेनानी संघ झापा जिल्ला समिति हार्दिक अपिल गर्दछ ।

**पंकज घिमिरे/टेकनाथ उप्रेती** — सचिव
**लिलक सिटौला** — सभापति

**नेपाल प्रजातन्त्र सेनानी संघ झापा**



भूमिसुधार कार्यालय भद्रपुर, झापाको

## मोही हकदावी सम्बन्धी सूचना

निम्न लिखित विवरण भएको जग्गाको जग्गाधनीबाट मोहीले उक्त जग्गा जोतभोग गर्न छाडेको/बेपत्ता भएकोले लगत-कट्टा गरी पाउँ भनी यस कार्यालयमा निवेदन पर्न आएको हुँदा विशेष अदालत ऐन- २०५९को दफा-१० (९) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । यसउपर कुनै दावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाण सहित यस कार्यालयमा निवेदन दिनु होला । तोकिएको समयावधिभित्र विरोध नभएमा भू.सु.ऐन-२०२१ बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

| जग्गाधनीको विवरण | जग्गा ठेगाना | कित्ता न. | क्षेत्रफल | मोहीको नाम, थर |
|---|---|---|---|---|
| गौरादेवी खरेल | दमक नपा.-८ | ३३०७ | ०-७-० | सङ्डोल/ सङ्दोज ताजपुरिया |
| टीकाराम खरेल | दमक नपा.-८ | ३३०४ | ०-१-१० | सङ्डोल/ सङ्दोज ताजपुरिया |
| कविता कुमारी खरेल | दमक नपा.-८ | ३१८ | ०-२-० | सङ्डोल/ सङ्दोज ताजपुरिया |
| सन्जित कुमार खरेल | दमक नपा.-८ | ३३०५ | ०-१-१० | सङ्डोल ताजपुरिया |
| रेवतीराज खरेल | दमक नपा.-८ | ३३०६ | ०-१-१० | सङ्डोल ताजपुरिया |



## जाडोबाट बच्ने उपाय

- जाडो मौसममा शितलहर, हिमपात, हुस्सु तथा कुहिरो लाग्न सक्ने हुँदा अत्यधिक चिसो हुन सक्छ ।
- चिसोको कारण प्रदूषण बढ्ने गर्छ ।
- चिसो तथा प्रदूषणको कारण रुघा, खोकी, ज्वरो, सास फेर्न गाह्रो हुने तथा दम बढ्ने समस्या हुन सक्छ ।
- चिसो तथा प्रदूषणले मुटु, फोक्सो, मस्तिष्क लगायतका अङ्गमा गम्भीर असर पुग्न सक्छ ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा दमका बिरामीलाई गम्भीर असर पार्न सक्ने हुँदा धुँवा तथा चिसोबाट बचौं र बचाऔं ।
- सकेसम्म घरभित्रै बसौं, निस्कनै पर्ने भए न्यानो कपडा लगाएर मात्र निस्कौं ।

**कुनै समस्या परे चिकित्सकसँग परामर्श गरौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड



१००% ग्यारेन्टीका साथ ज्योतिष सेवा



तपाईहरुको भूतकाल, भविष्य र वर्तमान जस्ताको त्यस्तै स्पष्ट बताइदिने प्रखर ज्योतिष



सम्पर्कः NISHANT M JOTIC KENDRA
Newmarket, Panitanki I P.O. Dulaljote-734429 I Dist. Darjeeling, Westbangal

INDIAN NO: CALL & WHATSAPP +91-81598-50995
NEPALI NO CALL +977-98401-64453

Yubtube: Nishat M Jotic kendra



भारतका प्रतिष्ठित अस्पतालबाट आउनुभएका विशेषज्ञ डाक्टरहरूको दैनिक सेवा अब बिर्तामोडमै

**डा. प्रशिद्ध ढकाल**
MBBS, MD (PGI, Chandigarh), DM (AIIMS, New Delhi) Advanced Management of Diabetes (USA)
बरिष्ठ मधुमेह (सुगर), थाइरोइड, हर्मोन रोग विशेषज्ञ

**डा. बबिता शर्मा**
MBBS, MD (PGI, Chandigarh)
Ex-Scientist ICMR/AIIMS New Delhi
बरिष्ठ मानसिक रोग बिशेषज्ञ


**डा. विधान न्यौपाने**
Consultant Dermatologist
MBBS (T.U.), MD (K.U.)
छाला रोग विशेषज्ञ
दैनिक बिहान ९:०० बजेदेखि १०:०० बजेसम्म
दिउँसो २:०० बजेदेखि ५:०० बजेसम्म

**डा. रोहित पंजियार**
MBBS, MD (PGI, Chandigarh)
बरिष्ठ छाला, कपाल, सौन्दर्य, यौन, कुष्ठरोग बिशेषज्ञ
महिनाको अन्तिम शुक्रबार र शनिबार

**आर. आर. पोलिक्लिनिक**
अन्नपूर्ण चोक, भद्रपुररोड (भद्रपुर बस स्टेण्डसगै), बिर्तामोड-४,झापा
०२३-५९११७४, ९८२०४९११७४

यौटा सृष्टि विधान रचेर किन हो, जाँदा यहाँ कष्ट भो । रोजी फूल थियो झऱ्यो नियतिले, संहार भो नष्ट भो ।।
हामीलाई दिएर मार्ग पथको, यात्रा सिकाई दियौं । हामीबाट कसोरी झट्ट अहिले, विदा नमागी गयौं ।।

# भावपूर्ण श्रद्धाञ्जली /कृतज्ञता/निमन्त्रणा



**जन्म**
वि.सं. १९९८
असार १ गते

**निधन**
वि.सं. २०८२
पुस २४ गते

## स्व. गणेशप्रसाद खनाल

हाम्रा प्रातः स्मरणीय पूज्य पति, पिता, हजुरबुवा **गणेशप्रसाद खनाल**को यही मिति २०८२ पुस २४ गतेका दिन गोलोक धाम गमन भएकोले हामी परिवारका सम्पूर्ण सदस्यलाई मर्माहत बनाएको छ । दुःखको यस क्षणमा उहाँको आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । हाम्रा प्रातः स्मरणीय मार्गदर्शक, प्रेरणाका स्रोत, अभिभावक तथा संरक्षकसँग विछोडको अवस्थामा रहेका हामीहरुप्रति समवेदित बन्दै, भेटेरै वा विभिन्न माध्यमबाट सहानुभूति तथा समवेदना प्रकट गर्नुहुने, शव यात्रामा सहभागी हुनुहुने आफन्तजन, छरछिमेक, इष्टमित्र, कुलकुटुम्ब, बन्धुवान्धव, शिक्षासेवी, विभिन्न संघ-संस्थाका प्रतिनिधिहरु, उद्योगी-व्यापारी, राजनीतिक दलका नेता तथा कार्यकर्ताहरुप्रति हार्दिक आभार तथा कृतज्ञता प्रकट गर्दछौं । तपाईहरुको साथ, सहयोग र सहानुभूतिको कारण हामीलाई यस पीडादायी क्षणमा पीडा सहन गर्न सहज भएको हामीले महशुस गरेका छौं ।

साथै यही मिति २०८२ माघ ६ गते १३औं दिनको शुद्धिशान्ति कार्यको पितृप्रसाद ग्रहण गरी हामीलाई कृतार्थ गरिदिनुहुन सम्पूर्ण मलामीजन, छरछिमेक इष्टमित्र, कुलकुटुम्व, बन्धुवान्धव, शिक्षासेवी, विभिन्न संघ-संस्थाका प्रतिनिधिहरु, आफन्तजन, उद्योगी-व्यवसायी, राजनीतिक दलका नेता तथा कार्यकर्ताहरुलाई विनम्रतापूर्वक निमन्त्रणा गर्दछौं ।

| पत्नी | छोरा-बुहारीहरू | नाति-नातिनी |
|---|---|---|
| बुध खनाल | दीपक - कमला खनाल | ४ जना नाति |
| | प्रा.डा. रुपक - सरु खनाल | ४ जना नातिनी |
| | उत्तम - गीता खनाल | १ जना पनातिनी |

एवम् **सम्पूर्ण खनाल परिवार**

**बिर्तामोड-४, भद्रपुररोड, पुरानो गोमेन्द्र चोक**

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

## सम्पादकीय

# डिजिटल सुरक्षाको खाँचो

आजको युग डिजिटल प्रविधिको युगमा रुपान्तरण भएको छ । विश्वका अन्य देशहरुको तुलनामा प्रविधिमा केही पछि भए पनि नेपाल क्रमशः डिजिटल प्रविधि र कनेक्टिभिटीमा द्रूत रुपमा अघि बढिरहेको छ । यो यात्राले धेरै सुविधा र दैन्दिनी जीवनलाई सहज पनि बनाएको छ । तर, यही सुविधाले साइबर अपराधको बढ्दो जोखिम पनि जन्माएको छ । सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा भएको अतुलनीय र द्रूत विकासपछि त्यसकै प्रयोग गरेर साइबर अपराधीहरुले सूचना प्रविधिका उपकरणहरु मोबाइल कम्प्युटर, डाटा र सर्भर आदिबाट स्वदेशी–विदेशी व्यक्तिहरु व्यवसाय, संस्थाहरुलाई लक्षित गर्दै साइबर हमला गरिरहेका छन् । यसले विभिन्न किसिमका सामाजिक, आर्थिक र सुरक्षामा चुनौतीहरु थपेको छ ।

साइबर अपराधले नेपाली समाज पनि प्रभावित हुन थालेको छ । विभिन्न देशका नागरिक, सरकार र संस्थाहरु साइबर अपराधका शिकार भएका समाचार दिनहुँ सार्वजनिक हुन थालेका छन् । डिजिटल प्रविधिकै प्रयोगबाट क्रेडिट कार्ड, एटिएम कार्डका पिन कोड फकाएर, लोभ देखाएर लिने र उनीहरुको बैंक खातामा रहेको पैसा अर्को खातामा स्थानान्तरण गर्ने कार्य दिनहुँजसो हुन थालेका छन् । यतिसम्म कि बैंकहरु नै यस्तो अनलाइन ठगीमा पर्ने गरेका छन् । अपराधीहरुले व्यक्तिगत डिजिटल उपकरणबाट ह्याक गरेर संवेदनशील जानकारी तथा व्यक्तिगत सूचनाहरु प्रकाशित गरेर गोपनीयता भङ्ग गर्ने गरेका छन् । व्यापारी, व्यवसायी र उद्योगहरुले सुरक्षा चुनौतीको सामना गर्नु परेको छ ।

सूचना प्रविधिको गलत प्रयोगले हाम्रो समाजमा हिंसा बढाएको छ । घर–घरमा कलह, द्वन्द्व, मनमुटाव, यौन हिंसा जस्ता गतिविधि बढेको छ । गरिबीको फाइदा उठाउँदै नेपाली युवालाई साइबर अपराधीहरुले बन्धक बनाएका घटनाहरु सार्वजनिक भएका छन् । जसका कारण डिजिटल प्रविधिको विकास हाम्रा लागि चिन्ताको विषय बनिएको छ । पछिल्लो समय नेपालमा यस्ता अपराधहरुको नियन्त्रणका लागि प्रहरीको छुट्टै सेल बनाइएको छ । नेपाल प्रहरी साइबर ब्युरोले विद्युतीय अपराध सम्बन्धी विषयहरुको नियन्त्रणका लागि सचेतनामूलक कार्यक्रमदेखि अनुसन्धान तथा कार्वाहीसम्म गर्छ । तर पनि बढ्दो साइबर ठगी र अपराधका घटनाले नेपाली समाजलाई चिन्तित बनाएको छ ।

गएको पुस महिनामा मात्रै एक सय एकानब्बे वटा अनलाइन ठगी र साइबर अपराधका उजुरी परेको प्रहरीले जनाएको छ । प्रहरी उपरीक्षक पवनकुमार भट्टराईले एक महिना मै अनलाइन सपिङ, वैदेशिक रोजगार, बैंक खातामा अनाधिकृत पहुँच र सामाजिक सञ्जालको दुरुपयोगसहित त्यतिको उजुरी परेको बताएका छन् । ती उजुरीमा साडे तीन करोड रुपैयाँभन्दा बढीको बिगो दाबी गरिएको उनले जानकारी दिएका छन् । साइबर अपराधका उजुरी तथा कार्वाही नेपाल प्रहरी मार्फत नै हुन्छ र अपराधीहरुलाई पक्राउ गर्ने, कार्वाही गर्ने र समाजमा शान्ति, सुरक्षा र अपराध नियन्त्रणको जिम्मा प्रहरीकै हुन्छ । तर, यति मात्रैले बढ्दो अपराध न्यूनीकरण गर्न सकिँदैन । त्यसका लागि डिजिटल शिक्षा प्रदान गर्ने, बहस, छलफल गर्ने र डिजिटल ज्ञान, सिप अभिवृद्धि गर्न स्थानीय सरकार पनि लाग्नु पर्छ । यसरी मात्र डिजिटल संसारलाई सुरक्षित गर्न सकिन्छ ।

# सांस्कृतिक पर्व सोनाम ल्होछार



भुवन तामाङ



नेपाल सांस्कृतिक रुपमा समृद्ध देश हो । यहाँ अनेकन सुन्दर मौलिक संस्कृतिहरु विद्यमान छन् । जसले नेपाललाई विश्वमा विशिष्ठ किसिमले चिनाएका छन् । हाम्रो संस्कृतिहरु अवलोकन गर्न विश्वका थुप्रै देशबाट वर्षेनि लाखौं पर्यटकहरु आउने गर्दछन् । आफ्नै परम्परा, चलन र संस्कारहरुले परापूर्वकालदेखि सांस्कृतिक रुपमा विश्वको केन्द्र रुपमा नेपाललाई उभ्याएको छ ।

यस वर्षको 'सोनाम ल्होछार' माघ ५ गते परेको छ । यस वर्षको ल्होछार २८६२औं संस्करणको रुपमा सा पुख्री (सर्प) वर्षलाई विदा गरी ता (अग्नि घोडा) वर्षलाई स्वागत गर्दै मनाइँदैछ । ल्होछारको ल्हो भनेको (वर्ग, वर्ष) अनि क्षार (नयाँ) नयाँ वर्ष हो । विभिन्न बाह्र पशु-पंक्षीहरुको नामबाट १२ वटा ल्होको नाम रहेका छन् । ल्होछार चाड बौद्धमार्गीहरुले प्रमुख चाडको रुपमा मनाउँदछन् । प्रचलित तीन- 'तमु', 'सोनाम' तथा 'ग्याल्पो' ल्होछारहरु मध्ये 'तमु' ल्होछार गुरुङहरुले, 'ग्याल्पो' ल्होछार शेर्पाहरुले र 'सोनाम' ल्होछार तामाङ र ह्योल्मोहरुले मनाउँदछन् । 'सोनाम'को अर्थ पूण्य सम्वत् हो ।

भगवान बुद्धले आफू महापरिनिर्वाण हुनु अगावै समस्त मानव तथा जीवजन्तुलाई परिनिर्वाण हुँदैछु भनी जानकारी गराउने सिलसिलामा निम्त्याइएका मध्ये बुद्ध कहाँ १२ पशुपंक्षीहरु पुगेका थिए । अनि बुद्धले तिनै १२ पशुपंक्षीको सम्मानमा १२ ल्होको परपम्रा बसाएका थिए । ल्हो र अर्थ : नाम्ग्रुङ वा ङ्याम्ङ्यु (मुसा), ग्लाप (गोरु), च्यान् (बाघ), तावर (खरायो/बिरालो), मुपुख्री वा डुव (गडुल/ड्रागन), सा पुख्री वा डुल (सर्प), ता (घोडा), ग्यु (भेडा), माकर वा म्हाङ वा तिमङ्यु ( बाँदर), नामे वा ज्या (चरा), नगी वा नागी (कुकुर) र तिली वा पुण्डी वा ङ्वा (बँदेल/सुँगुर) । एक जीव = एक वर्ष, वर्ग ।

सांस्कृतिक महान् पर्व ल्होछार (नयाँ वर्ष)को तामाङ र ह्योल्मो जातिमा सामाजिक, सांस्कृतिक एवम् धार्मिक पक्षमा विशिष्ठ स्थान र महत्त्वपूर्ण भूमिका रहेको छ । जसले तत् जातिको सभ्यता, संस्कृति, अस्तित्व र अन्य समुदायबीचको सद्भावलाई प्रतिविम्वित गर्दछ । सोनाम ल्होछार वर्षेनि माघ शुक्लपक्ष प्रतिपदाका दिन पर्दछ । यही दिनदेखि चीनमा पनि चिनिया चन्द्र वर्षको चन्द्र महिनाको पहिलो दिन अर्थात् चिनिया चन्द्र नयाँ वर्ष आरम्भ हुन्छ । यो, विश्वभर प्रचलित पाँचतत्वहरुको संयोजन रहेको १२ वटा जीवजन्तु र पंक्षीहरुको नाममा आधारित ल्होखोर्लो (वर्ष चक्र) परम्परा जो चन्द्रपात्रो परम्परामा आधारित छ । ल्होछार पर्व मनाउने तरिका भूगोल, वस्तु-उत्पादन तथा उपलब्धता, तत् देशको बजार प्रणाली, अर्थतन्त्र र सांस्कृतिक प्रचलन आदिका कारणले भिन्नभिन्न पनि हुन सक्छन् ।

**पर्वको तयारी :** यो चाडको उपलक्ष्यमा अर्थात् नयाँ वर्षको स्वागतको लागि महिनादिन अघिदेखि नै तयारी शुरु गरिन्छ । पुरानो वर्षको १२औं महिनाको अन्तिम दिनहरुमा गाउँ-टोल, बाटोघाटो, चौतारा, आगन, पानी पँधेरो, गोठ आदि मर्मत, सफासुघ्घर-लिपपोत गरिन्छ । भोजनका आवश्यक सामलतामल, अन्नपात, फलफूल र पुजाका लागि सामानहरुको जोहो र तयारी गरिन्छ । आगामी वर्ष राम्रो खेतीपाती (पेशा) होस् भनि ल्होछार पर्वमा कुलदेवता, देवी-देवता थानमा प्रार्थनार्थ अन्नका बीउबीजन पानीमा भिजाई टुसाउने (जमरा) पारिन्छ । पुरानो वर्षको अन्तिम दिन गुम्बामा बत्ति बालिन्छ । खराब वा मार वा प्रेतात्मा वा अपसकुन हटाउनका लागि पूजा-प्रार्थना गरिन्छ । लामाहरुले मारमाथि सत्यको विजय भएको मुकुण्डो नाच पनि प्रदर्शन गर्दछन् ।

**ल्होछारको दिनः** ल्होक्षार चाडको चलन अनुसार नयाँ वर्ष प्रारम्भको दिन- छो (विभिन्न फलफूल सहितका पूजाका सामग्री) प्रसाद चढाइन्छ । ल्होछारको दिन घरमुली, घरको जेठोबाठो वा घरको अन्य कुनै सदस्यले सवेरै नुहाएर आफ्नो घरमा भएको लाखाङ ( पूजाकोठा)मा वा छ्योजीखाङ र सो नभए भगवान गौतम बुद्धको कु (मुर्ति/प्रतिमा) वा तस्वीर राखिन्छ । साथै चोखो पानी, साङ-छेमार वा फेमार (मकै, गहुँ, जौको पीठोहरुको मिश्रण), दुइचे-ङारसुम (चिनी, सख्खर र मह), कारसुम- दूध, दही र नौनीको मिश्रण, सेरसाङ ( फलाम, तामा, सुनचाँदी पखालेको पानी) राखिन्छ । अनि छो (फलफूलहरु, कन्दमुल-आलु/भ्याकुर/तरुल, खाप्से, गेङ (रोटी), बाबर आदि) पकवानहरु राखेर साङसेरग्याम (देवीदेउतालाई पूजा) गरिन्छ । भगवान तथा पुर्खाहरु प्रति धन्यवाद ज्ञापन गर्ने र पारिवारिक रुपमा पर्याप्त खान, लाउन, बस्न तथा धनधान्य-समृद्धीको लागि आशिर्वाद मागिन्छ । पूजामा चढाएको 'छो' ले पाहुनाहरुलाई नयाँ वर्षको सगुन तथा प्रसादको रुपमा स्वागत गरिन्छ ।

दार्ज्यु (मन्त्रहरु लेखिएका कपडा नयाँ बाँसमा अड्याइ बाँस जमिनमा गाडि ठड्याउने) नयाँ ल्हो को आगमन (ल्होछार) स्वरुप उठाइन्छ । नयाँ ल्होको आगमनले समस्त जगत्कै प्राणीहरुको रक्षा एवम् कल्याण गरुन् भनी मंगलमय कामना स्वरुप ल्होछारको प्रतिकको रुपमा घर-आगन तथा गाउँ आसपासका डाँडा, चोक, गुम्बा, मठ-मन्दिरहरुमा दार्ज्यु (लुङ्दर) ठड्याइन्छ, फहराइन्छ ।

तामाङहरुले आफ्नो ल्हो अनुसार ची (पात्रो) हेराई भने अनुसारको दार्ज्यु पनि राख्न सकिन्छ । लामा नभएमा पाँच रङगको दार्ज्यु डठ्याए हुन्छ । यी सबै उपलब्ध नभएमा आकाशे रंगको दार्ज्यु राख्नु राम्रो हुन्छ । यति पनि नभ्याएको खण्डमा, बसन्त पञ्चमीको दिन बिहान सबेरै दार्ज्यु ठड्याउनु राम्रो हुने विश्वास छ । सुख, शान्ति, निरोगिता र दीर्घायूको लागि सबै सदस्यहरुलाई परिवारको ज्येष्ठ व्यक्तिबाट नौनीघ्यू तथा कोकोम्हेन्दो (टोटलाको फूल)को टीका र खादा आशीर्वाद स्वरुप प्रदान गरिन्छ । उमेरमा सानाले ठूलालाई पनि खादा चढाई वा उपहार दिई सुख-शान्तिको कामना गरिन्छ । आफूले मान्नुपर्ने व्यक्तिहरुका आशीर्वाद लिन जाने र आफूकहाँ आउने पाहुनाहरुलाई स्वागत गरिन्छ ।

**ल्होछार समापनः** ल्होछार उत्सवलाई हर्षोल्लासपूर्वक सम्पन्न गर्न मान्यजन, नातागोता, कुल कुटुम्ब, इष्टमित्र लगायत सबैलाई भेटघाट गरी खादा सहित आशिर्वाद, शुभकामना आदान-प्रदान गर्नुका साथै आलोपालो गरी आफन्त कहाँ जाने, चेलिबेटी बोलाउने र गच्छे अनुसार भोजन गर्ने गराउने गरिन्छ । आउँदो वर्षभरीको अन्नबाली सप्रोस भनी भूमी पूजा र सबै काम सफल होस् भनी मंगल पूजा, प्रीतिभोज तथा साँस्कृतिक कार्यक्रम आदि समेतको आयोजना गरी मैत्री एवम् भावानात्मक रुपमा हर्षोल्लास पूर्ण वातावरणमा सोनाम ल्होछार मनाइन्छ ।

**ल्होछार पर्वको खाद्य परिकारहरुः** दुची ( दुइचे)ः ङारसुम (गुलिया तीन) चिनी, सखर, मह । कारसुम (सेतो तीन) दूध, दही, नौनीघिउ । सेरसाङ (पवित्र रत्न) फलाम, तामा, सुन र चाँदी पखालेको पानी । यी चिज मिसाई दुची (तरल) बनाइन्छ । छेमार (फेम्बेर/फेमार)ः दुची आधा भाग चाहिँ (दुचीकै रुपमा प्रयोग गर्न राख्ने र आधा दुचीमा मकै, गहुँ वा चामल कुनै एकको सातुमा मिलाइ बनाएको खाद्य पदार्थ छेमार बनाइन्छ ।

**खाप्सेः** गहुँ, जौ, चामल वा त्यस्तै अन्नको पीठोलाई चिनी र घ्यू सँग मोली मुछिएको पीठोलाई विभिन्न आकृतिमा काटेर घ्यूमा पकाइन्छ (तारिन्छ) ।

**बालङ्ुः** सकेसम्म तीते फापर तथा फापर वा सेतो कोदोको पीठोबाट विभिन्न आकृतिमा पानीमा पकाइन्छ (उमालिनु, उसिन्नु) ।

**आलुमः** गहुँ वा कोदोको पानी रोटी ।

**बाबरः** कुल पूजामा चढाउँने सादा बाबरहरु ।

**कन्दमूलः** तरुल, भ्याकुरहरु र विशेष बनतरुल, फलफूल ।

**गु-थुकः** नौ थोक मिलाएर बनाएको खाना (गुथुग, गुथुग्पा पनि भनिन्छ) तयार पारिन्छ । गु-थुकसँगै भाग्य चिन्ने शुभ चिन्ह वा प्राणीहरुको संकेतहरु राखेको स्वस्थकर, पौष्टिक मिष्ठान वा खाद्यान्न राखिन्छ ।

आऔं हामी सबै नेपाली समुदाय मिली ल्होछार मनाऔं र एकापसमा भाइचारा, सद्भाव तथा शान्तिको सन्देश फैलाऔं ।

# झापाली समाज युएसएको अगुवाईमा विद्यार्थीलाई छात्रवृत्ति

**दमक, माघ ४ ।** अमेरिकामा रहेका झापालीहरूको सक्रिय सामाजिक संस्था झापाली समाज युएसएको आयोजना र झापा विकास मञ्च काठमाडौंको संयोजनमा झापाका सामुदायिक विद्यालयका जेहेन्दार विद्यार्थीहरूलाई छात्रवृत्ति वितरण गरिएको छ ।

कन्काई-माई पश्चिम दमकसम्मका सामुदायिक विद्यालयबाट छनोट गरिएका २६ जना विद्यार्थीलाई जनही १५ हजारका दरले नगदै छात्रवृत्ति प्रदान गरिएको हो । दमकस्थित सनराइज मोडल स्कूलको प्राङ्गणमा आयोजित कार्यक्रममा विद्यार्थीहरूलाई छात्रवृत्ति हस्तान्तरण गरिएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि अन्तर्राष्ट्रिय झापाली समाजका निवर्तमान अध्यक्ष तथा झापाली समाज युएसएका पूर्व अध्यक्ष मुकुन्द ढुङ्गानाले संस्थाको कामको प्रशंसा गरे । झापाली समाज युएसएकी महासचिव सीता पाण्डेका अनुसार विदेशमा श्रम गरेर आर्जन गरिएको आम्दानीको केही अंश आफ्नै जन्मथलोका विद्यार्थीहरूको शिक्षामा लगानी गर्ने उद्देश्यले केही वर्षदेखि नियमित रूपमा आर्थिक सहयोग संकलन गर्दै झापामा छात्रवृत्ति वितरण गरिदै आएको हो ।

झापा विकास मञ्चका उपाध्यक्ष रामनाथ मैनालीको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी दमकका सभापति प्रकाश बुढाथोकी, सनराईज मोडल स्कूलका प्रिन्सिपल जनार्दनप्रसाद मैनाली, नेपाल शिक्षक संघका बद्री कार्की लगायतले मन्तब्य राखेका थिए ।




नरेन्द्र जनता माध्यमिक विद्यालयमा कक्षा ७ मा अध्ययनरत विद्यार्थी रीतिक कार्की विगत तीन वर्षदेखि निरन्तर छात्रवृत्ति प्राप्त गर्दै आएका छन् । झापाली समाज युएसएको यो पहलले आफ्नो शिक्षामा सकारात्मक प्रभाव पारेको र अध्ययनमा पहुँच बढाउँदै जीवनस्तर उकास्न सहयोग पुगेको रीतिक बताउँछन् ।

त्यसैगरी आर्थिक अभावका कारण छोराछोरीलाई राम्रो शिक्षा दिन कठिनाइ भइरहेको अवस्थामा यस्तो सहयोग अभिभावकका लागि ठूलो राहत भएको अभिभावक कमलप्रसाद सापकोटाको भनाइ छ । अन्तर्राष्ट्रिय झापाली समाजकी उपाध्यक्ष समेत रहेकी पाण्डेले आवश्यकता अनुसार शिक्षा, स्वास्थ्य तथा सामाजिक विकासका क्षेत्रमा सहयोग गर्दै जाने प्रतिबद्धता गरिन् ।

कन्काई-माई पूर्वका अन्य विद्यालयका विद्यार्थीहरूलाई भने बिर्तामोडमा छात्रवृत्ति प्रदान गरिने आयोजकले जनाएको छ । झापाली समाज युएसएले आगामी दिनहरूमा पनि शिक्षा, स्वास्थ्य र सामाजिक विकासका क्षेत्रमा आवश्यकता अनुसार सहयोगलाई निरन्तरता दिने जनाएको छ ।

छात्रवृत्ति दमक नगरपालिका, गौरादह नगरपालिका, गौरीगञ्ज गाउँपालिका र कमल गाउँपालिकाका विभिन्न विद्यालयका विद्यार्थीलाई वितरण गरीएको थियो । बिर्तामोडमा श्रीजय ड्रिमल्याण्ड पार्कमा मेचीनगर, भद्रपुर, शिवसताक्षी, कन्काई, बिर्तामोड, अर्जुनधारा नगरपालिका तथा बाह्रदशी, कचनकवल, झापा, हल्दीबारी र बुद्धशान्ति गाउँपालिकाका विभिन्न विद्यालयका विद्यार्थीलाई छात्रवृत्ति वितरण गरिने जनाइएको छ ।

**छात्रवृत्ति रकम सहयोग गर्नेहरु**

अमेरिका निवासी यमुना भट्टराई, डा.शम्भु ढुङ्गाना, डा. दिनेश मैनाली, मुकुन्द ढुङ्गाना, मोहन उप्रेती, प्रसन्न संग्रैला, नबिन पोखेल, निलम बिमली, बिकास उप्रेती, कृति खाती, डा.आलोक उप्रेती, महेन्द्र चम्लागाँई कतार, केदार न्यौपाने स्विटजरल्याण्ड, दिनेश पोखेल अष्ट्रेलिया, दीपक ओली इजरायल, स्व.मेघराज नेपाल जापान, डा.आनन्द श्रेष्ठ नेपाल, हरि उप्रेती नेपाल, झापाली समाज टेक्सास च्याप्टर यु.एस.ए., झापाली समाज साउदी अरब, र झापाली समाज यु.एस.ए.ले रकम प्रदान गरेका हुन् ।

## आजको रासिफल



ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क नं. : ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)** समय मिश्रित फलदायी छ, पेट सम्बन्धी समस्याले सताउन सक्छ, खानपानमा ध्यान दिनुहोला, सानो काममा धेरै मेहनत गर्नुपर्ने योग छ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)** बुद्धिको उपयोगले विद्या तथा धन आर्जन गर्ने समय रहेको छ, आफ्नो विचारले धेरैलाई प्रभावित बनाउन सकिने छ, शुभ खबर सुन्न पाइने छ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)** समय त्यति अनुकूल देखिएन, बोल्दा विचार पुऱ्याउनुपर्छ, खानपानमा ध्यान दिनुहोला । विचार पुऱ्याएर मात्र खर्च गर्नुहोला खर्चिलो योग रहेको छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** व्यापार-व्यवसायमा लाभदायक योग रहेको छ, अकस्मात धन लाभ हुने समय आएको छ, आज तपाईलाई मिष्ठान्न भोजन प्राप्त हुनाले मन प्रशन्न रहला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** समय सामान्य रहेको छ, काम सफलता नहुँदा मन खिन्न रहला, स्वास्थ्यमा गडबडीको योग छ, खानपानमा विशेष ध्यान दिनुहोला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)** व्यपार-व्यवसायमा लाभ प्राप्त होला, सानै सफलताले पनि ठूलो खुशी प्राप्त हुनेछ, रचनात्मक तथा कलाकारितामा मन जानेछ ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते)** अधुरा रहेका कामहरू सिद्ध हुने दिन आएको छ, उच्च अधिकारीबाट साथ, सहयोग र हौशला मिल्नेछ, मन हर्षित हुनेछ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)** धार्मिक कार्यमा सहभागी हुने दिन रहेको छ, बोल्दा बिचार पुऱ्याउनु होला, घुँडा तथा ढाडमा समस्या हुन सक्छ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)** बोलिको प्रभावले आयआर्जनमा पछि परिएला, बोल्दा विचार पुऱ्याउनुहोला, प्रियजनसँग भेट हुने समय रहेको छ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)** मेहनतले राम्रो परिणाम प्राप्त हुनेछ, दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ, दाम्पत्य जीवन शुखी रहनाले उत्साह बढ्ने छ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)** नचिताएको ठाउँबाट धन आगमन हुँदा मन खुशी हुनेछ, परिवारिक जमघट हुनेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)** सुख र धनको प्राप्ती हुनेछ, मान-प्रतिष्ठा-इज्जत बढेर जानाले मन हर्षित रहला ।

मिति २०८२/१०/०४ शनिबारको
सुनचाँदी मूल्य
छापावाला
सुन प्रति तोला
रु. २,७७,७००/-
चाँदी
प्रति तोला
रु. ५,६६०/-

# वीरता जेसीजको अध्यक्षमा एलसी सर्वसम्मत



**बिर्तामोड, माघ ४।** वीरता जेसीजको अध्यक्षमा लोकचन्द्र श्रेष्ठ (एलसी) सर्वसम्मत रुपमा चयन भएका छन् ।

वीरता जेसीजको ४५औं वार्षिक साधारण सभा तथा शाखा अधिवेशनबाट सन् २०२६ का लागि श्रेष्ठ सर्वसम्मत रुपमा चयन भएका हुन् । समितिको कार्यकारिणी उपाध्यक्षमा पुकार बराल र प्रज्ज्वल बिमली, कानूनी सल्लाहकारमा प्रभात मास्के (मनोनित), महासचिवमा सुवास त्रिखत्री (मनोनित), कोषाध्यक्षमा अमरजीत शाह (मनोनित), उपाध्यक्षमा क्रमशः विवेक खड्का, नवराज अधिकारी, विश्वजीत हलवाई र विजय चौधरी चयन भएका छन् ।

त्यस्तै संयुक्त सचिवमा पुष्प भण्डारी, सह-कोषाध्यक्षमा अभिषेक गहतराज (मनोनित), जनसम्पर्क अधिकारीमा अजय चौधरी, तालिम आयुक्तमा विज्ञानराज पौडेल, प्रकरण निर्देशकमा अजय अधिकारी सर्वसम्मत रुपमा चयन भएका छन् ।

वीरता जेसीजका सन् २०२५ का अध्यक्ष युवराज कुँवरको अध्यक्षतामा भएको वीरता जेसीजको ४५औं वार्षिक साधारणसभा तथा शाखा अधिवेशनमा वीरता जेसीजका संस्थापक अध्यक्ष गोपालकुमार बस्नेतको प्रमुख आतिथ्य रहेको थियो ।

कार्यक्रममा झापा खेलकुद विकास समितिका अध्यक्ष तथा जेसीजका पूर्व राष्ट्रिय उपाध्यक्ष सिनेटर प्रशान्त भण्डारी, पूर्व राष्ट्रिय उपाध्यक्ष सिनेटर विशाल थापा, पूर्व राष्ट्रिय उपाध्यक्ष राजेन्द्र चौम्लागाँई, पूर्व अध्यक्ष राजिव धिमाल, औषधि व्यवसायी संघ झापाका अध्यक्ष जीवन खड्का लगायतको आतिथ्य रहेको थियो ।

कार्यक्रममा निर्वाचन आयुक्त निर्वतमान अध्यक्ष विकास बस्नेत, अधिवेशन निर्देशक सिनेटर घनश्याम चौधरी रहेका थिए । सोही अवसरमा उम्मेदवारहरुलाई तालिम पूर्व अध्यक्ष तथा पूर्व राष्ट्रिय उपाध्यक्ष शिवकुमार अग्रवाल, मिजस पोखेल र नेपाल जेसीजका राष्ट्रिय कार्यकारिणी उपाध्यक्ष योगेश राजवंशीले तालिम प्रदान गरेका थिए ।

# अर्जुनधारा जलेश्वरधामको साधारणसभा

**अर्जुनधारा, माघ ४।** अर्जुनधारा नगरपालिका-७ स्थित अर्जुनधारा जलेश्वरधाम व्यवस्थापन समितिको विशेष साधारणसभा सम्पन्न भएको छ।

धाम क्षेत्रको प्राङ्गणमा रहेको श्रवण हलमा समितिका अध्यक्ष नविन गट्टानीको अध्यक्षतामा आयोजित कार्यक्रमको प्रमुख अतिथि पूर्व जनप्रतिनिधि एवम् दाता खगेन्द्र ढकालले उद्घाटन गरेका थिए। समितिले दुई वर्ष अघि खरिद गरेको १० कठ्ठा जमिनको कर छुट प्रक्रियाको कार्यान्वयनलाई सहजीकरण एवम् तत्कालको लागि आवश्यक भएको संस्था नविकरणको प्रक्रियालाई लक्षित गरी विशेष साधारणसभाको आयोजना गरेको समितिका उपाध्यक्ष एवम् कार्यक्रम सञ्चालक अम्बिकाप्रसाद खतिवडाले जानकारी दिए।

कार्यक्रममा समितिका महासचिव शिवलाल खतिवडाले संस्थाको गत आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रगति प्रतिवेदन र कोषाध्यक्ष मनोज जोशीले आर्थिक प्रगति प्रतिवेदन प्रस्तुत गरेका थिए। प्रस्तुत प्रतिवेदनमा उल्लेख भएका भावी योजनाहरुमा धामले खरिद गरेको १० कठ्ठा जमिन धाम व्यवस्थापन समितिको नाममा ल्याउने, धाम क्षेत्रमा रहेका दर्शनीय एवम् रमणीय स्थलहरुको पहिचान गरि गुरु योजना मार्फत् धार्मिक सर्किट तयार गर्ने, कोशी प्रदेश सामाजिक विकास मन्त्रालयबाट विनियोजित छ लाख रुपैयाँबाट खुल्ला व्यायामशाला निर्माण गर्ने, धामद्वारा सञ्चालित गुरुकूलको स्तरोन्नति एवम् बटुकहरुको लागि आवास भवन निर्माण गर्ने, गो मुत्र र गोबरको व्यवस्थापन गरेर ग्याँस उत्पादन गर्ने लगायत रहेका छन् ।



त्यसैगरी प्रतिवेदनमा संस्थाको गत आर्थिक वर्षको जम्मा आम्दानी दुई करोड १४ लाख ३८ हजार सात सय ४९ रुपैयाँ ९९ पैसा, जम्मा खर्च एक करोड ७५ लाख ५४ हजार चार सय आठ रुपैयाँ र जम्मा बचत ३८ लाख ८४ हजार तीन सय ४१ रुपैयाँ ९९ पैसा उल्लेख गरिएको छ।

कार्यक्रममा सनातन गौ संरक्षण समिति यूएईले गौ अक्षय कोषको लागि नगद ५१ हजार सहयोग उपलब्ध गराएको छ। उक्त सहयोग रकम बराबरको चेक दातृ संस्थाको तर्फबाट खगेन्द्र निरौला, बिमला संग्रौला र सीता संग्रौलाले समितिका अध्यक्ष गट्टानीलाई हस्तान्तरण गरेका थिए।

कार्यक्रममा अर्जुनधारा नगरपालिकाका प्रमुख बलदेवसिंह गोम्देन तामाङ लगायतले शुभकामना मन्तव्य राखेका थिए। समितिका अर्का उपाध्यक्ष भीमचन्द्र भट्टराईले र गुरुकुलका बटुक छत्रपति गुरागाँईले संयुक्तरुपमा स्वागत गरेको कार्यक्रमको सञ्चालन उपाध्यक्ष खतिवडाले गरेका थिए।

# मानवअधिकार एलाइन्स झापाको सभा

**कमल, माघ ४।** राष्ट्रिय मानव अधिकार तथा सामाजिक न्याय मञ्च नेपाल (मानव अधिकार एलाइन्स) झापा शाखाको सातौं वार्षिक साधारणसभा सम्पन्न भएको छ।



'घर-घरमा मानव अधिकार, शान्ति र विकासको आधार' भन्ने नाराका साथ बिर्तामोड-३ मा सम्पन्न सभाको उद्घाटन मानव अधिकार एलायन्स केन्द्रीय सदस्य तथा कोशी प्रदेश इन्चार्ज रुद्र सिटौलाले गरेका थिए।

एलाइन्सले कुनै क्षेत्रका नागरिको मात्र नभएर समग्र मानवको अधिकारका लागि काम गर्दै आएको नेकपा एमाले झापाका अध्यक्ष प्रेम गिरीले बताए।

एलायन्सको झापा शाखाले धेरै राम्रा कामहरु गरेका छन्। तर पनि सभाबाट कतिपय सुझाब आएका छन्। त्यसलाई आत्मसाथ गर्दै आगामी दिनमा अझ प्रभावकारी रुपमा आफ्ना गतिविधि अगाडी बढाउन एलायन्सका केन्द्रिय सदस्य तथा कोशी प्रदेश इन्चार्ज सिटौलाले निर्देशन दिए।

राज्यको तर्फबाट मानवअधिकारका क्षेत्रमा भएका सकारात्मक कुराहरु अझै पनि गाउँ-गाउँमा पुऱ्याउन आवश्यक रहेको लोकतान्त्रिक आदिवासी जनजाति महासङ्घकी केन्द्रीय सदस्य तथा नेकपा एमालेका तर्फबाट राष्ट्रिय सभा सदस्यकी उम्मेदवार रोशनी मेचेले बताइन्।

कार्यक्रममा एलायन्स झापाका अध्यक्ष अर्जुनकुमार पाठकले एलायन्सका तर्फबाट भएका कार्यक्रमलाई समेटेर तयार पारिएको संक्षिप्त प्रतिवेदन प्रस्तुत गरेका थिए। त्यसैगरी एलायन्स कोशी प्रदेश उपाध्यक्ष कबिता बाँस्तोलाले एलायन्समा समावेशी प्रतिनिधित्वलाई अझ सहभागी गराउँदै आगामी दिनमा मानवअधिकारका क्षेत्रमा अझ सशक्तरुपमा कार्यक्रम सञ्चालन गर्नुपर्ने बताइन्।

कार्यक्रममा गैसस महासङ्घ कोशी प्रदेशका सचिव सोमराज ढकाल संविधानले प्रदान गरेका अधिकार सबै क्षेत्रका नागरिकहरूले समान रुपमा पाउनुपर्ने बताउँदै समाजमा कहिँकतै त्यस्तो नभएको पाइएमा एलायन्सको तर्फबाट निष्पक्षरुपमा सम्बन्धी निकाय सम्म पुऱ्याउनुपर्ने बताए।

एलाइन्स झापा शाखाले मानअधिकारका क्षेत्रमा धेरै काम गर्दै आएको छ। तरपनि अझ काम गर्नुपर्ने धेरै रहेको र आगामी दिनमा अझ व्यापकरुपमा काम गर्नु आवश्यक रहेको एलाइन्स झापा शाखाकी निवर्तमान अध्यक्ष प्रेमा भट्टराईले बताइन्।

एलाइन्स झापा शाखाका अध्यक्ष अर्जुनकुमार पाठकको अध्यक्षतामा सम्पन्न कार्यक्रममा एलाइन्सका केन्द्र, प्रदेश, जिल्ला र स्थानीय तहका प्रतिनिधिका साथै गैसस महासङ्घका सदस्यहरू उपस्थिती रहेको थियो।

कार्यक्रमको सञ्चालन एलाइन्स झापाका सचिव एकेन्द्र उप्रेतीले गरेका थिए भने सहभागीलाई उपाध्यक्ष नेत्र प्रसाईले स्वागत गरेका थिए।


**ताप्लेजुङ -पाथीभरा सफल यात्रा**
बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।
ताप्लेजुङ पाथीभरा काउन्टर
मो. : ९८०३२५०४७२, ९८०१३६४०९३

**कार्की ट्याक्सी सर्भिस**
दमक-बिर्तामोड-दानाबारी-जितपुर-मंगलबारे दैनिक सेवा रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्
छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे
सम्पर्क (चालक)
सन्तोष ९८०६०१८१७४, ९८४०३८७६७५
जीवन कार्की ९८१७९४०१७३
मे १ ज १६७०

**सस्तो मूल्यमा सिपमूलक तालिम**
प्लम्बर, इलेक्ट्रीसीयन, मेन, स्काफहोल्डर, स्टील फिक्चर लगायत कन्ट्रक्सन सम्बन्धी सम्पूर्ण ट्रेनिङ्गहरु गराइन्छ ।
नोटः टाढाबाट आउनेलाई खान/बस्नको सुविधा दिइने छ ।
सम्पर्क : ९७०४०६६८४४

**आयुर्वेद उपचार**
यहाँ पाइल्स, फिस्टुला, फिसरको विशेषज्ञ डाक्टर जितेन्द्रकुमार मण्डलद्वारा माघ २ र ३ आउँदै हुनुहुन्छ । साथै शरीरका सम्पूर्ण रोगहरुको पनि उपचार गरिन्छ ।
सुश्रुत आयुर्वेद अस्पताल प्रा.लि.
काँकरभिट्टा रोड, बोलबम पेट्रोलपम्पसँगै काली मन्दिर छेउ, बिर्तामोड
मो. ९८१८७९३९८६, ९८५२६८८९८६

**सेफ्टी ट्यांकी चाहिएमा**
अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा राम्रो सेफ्टी ट्यांकीलाई सम्पर्क गर्नुहोस् । सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।
सम्पर्क: शिवसताक्षी, कन्काई, बिर्तामोड, धुलाबारी, अर्जुनधारा, बुधबारे
देवराज गिरी
९८१३६७६६२२/९८४२०७०५८६/९७०६१९६४०६

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**
बिर्तामोड सम्पर्क: राजुकुमार श्रेष्ठ ९८५२६४६००५, ९८०६०१०४१०, ९८४२६३४६२, ०२३-५४६००५
दमक सम्पर्क: देवी सिटौला ९८२४९७९१८५, ९८४२७६०२६५, ९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

DRISHTI Eye Care System — Trusted by more than 1.1 Million+ Patients
प्रत्येक दिन आँखाको शल्यक्रिया
१) मोतियाविन्दुको शल्यक्रिया
२) जलविन्दुको शल्यक्रिया
३) आँखाको पर्दा (रेटिना)को शल्यक्रिया
४) आँखाको डेढोपन (छड्के आँखा)को शल्यक्रिया
५) आँखाको नानी प्रत्यारोपण (शल्यक्रिया)
Visit our Website www.drishtieye.org
सबैका लागी दृष्टि सधैंका लागी दृष्टि

**UPVC झ्याल ढोका**
टर्की ब्रान्डका UPVC ओरजिनल झ्याल, ढोका पार्टीसन लगाउनु परेमा हामीलाई सम्झनुहोस् ।
गणपति UPVC झ्याल, ढोका-संसार
सम्पर्क : बिर्तामोड, चारपाने, सुरुङ्गा, दमक
९८५२६७१४२२, ९८१८२१०६७०

**सिलिङ्ग सम्बन्धीको सम्पूर्ण काम गर्नुपरेमा हामीलाई सम्झनुहोस्**
यहाँ गुणस्तरीय सामानको प्रयोग गरी जिप्सन, फल्ससिलिङ, २x२ जिप्सन तथा २x२ सिमेन्ट बोर्ड सिलिङ्ग साथै पीभीसी सिलिङ्ग र सिमेन्ट बोर्ड पाटेसन सम्बन्धी सम्पूर्ण काम दक्ष प्राविधिकबाट गरिनुका साथै सिलिङ्ग सम्बन्धी सम्पूर्ण सामान होलसेल तथा खुद्रा मूल्यमा उपलब्ध छ । आजै सम्पर्क गर्नुहोस् मौकाको फाइदा लिनुहोस् ।
बिर्तामोड : झापा फल्स सिलिङ्ग हाउस ९८१७९९७२१२, ९८२५९१४४३०
उर्लाबारी : उर्लाबारी इन्टेरियर डेकोर फोन नं. : ९८११३४८२४३

अब बिर्तामोडमा
डा. पितामबर ठाकुर MBBS, MD(TU) NMC NO. 1914
मेची अञ्चल अस्पतालका Ex-Superintendent वरिष्ठ फिजिसियन
हरेक दिन बिहान ११:०० देखि १:०० र दिउसो ३:०० देखि ५:०० बजेसम्म
के तपाईलाई तलका मध्ये कुनै समस्या छ ?
पेट सम्बन्धी समस्या, मुद सम्बन्धी समस्या, राति निद्रा नलाग्ने, छाती दुख्ने, फोक्सो सम्बन्धी समस्या, बाथ, थाईराइड, रक्तचाप, मधुमेह
डाक्टर आउने समय : बिहान ११:०० बजेदेखि ५:०० बजेसम्म
(+977) 9817964771, (+977) 023-590008
THAKUR POLYCLINIC Birtamode-1, Jhapa, Nepal, Opposite of Paschim Bus Stand

**उच्च गुणस्तर सुलभ मूल्य — सयपत्री बालुवा प्रशोधन उद्योग**
यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ ।
सम्पर्क : ९८६६२४२४६६
Whatsp: ९८४२६५४४००/९८०४९५४४००
अर्जुनधारा नपा- ४, झापा

**SUNMAI SPRING**
'थोपा-थोपामा जीवन छ'
HACCP, ISO 9001:2015 Certified Company, स्वदेशी — हाम्रो सामान, हाम्रै स्वाभिमान
स्वास्थ्य जीवनका लागि सुनमाई पानी पिउने बानी बसालौं ।
SUNMAI SPRING Phone: 530335, 530234 Mob. No. 9801440344

इलाज पाथीभरा काइरोप्रक्याटिक स्टीम मसाज थेपारी
गरुवा बस स्टेण्ड पश्चिम शनिश्चरे रोड बिर्तामोडमा
यहाँ नशा च्यापिएका, ढाड-कम्मर दुखेका, हड्डी खिएका बिरामीका लागि काइरोप्रक्याटिक (ढाड-कम्मर पड्काउने) विधिबाट थेरापी माध्यमबाट सहज उपचार गरिन्छ । मसाज सम्बन्धीका सम्पूर्ण कार्यहरु अनुभवी प्रशिक्षकद्वारा सहज उपचार गरिन्छ ।
सम्पर्क : ९८६०४५५१०८, ९८६२७६६५९९
नोट: डा. बि. पी. तिम्सिनाद्वारा तयार गरिएका ग्याष्ट्रिक, अल्सर, पायल्स, दम, खोकी, नशा च्यापिएका बिरामीका लागि अनुभवी बैध्यबाट परामर्श गराइ औषधि उपलब्ध गराइन्छ।

**आरोग्य मल्टि-स्पेसियलिटी डेन्टल क्लिनिक**
१५ वर्षको अनुभवसँग तपाईको सेवामा :
हामीले प्रदान गर्ने सेवाहरू :
- दाँतका सम्पूर्ण समस्याको समाधान
- आर्थोडन्टिक उपचार (braces)
- दाँत सफा गर्ने (Scaling)
- ब्रिज, क्राउन र इम्प्लान्ट (implant)
- बालबालिका दाँत उपचार
निःशुल्क चेक-अप र आर्थोडन्टिक परामर्श लिनुहोस् ! तपाईको सेवामा !
हाम्रो स्थानहरू : बिर्तामोडमा हिकोला रोड फोन नं. ९८६९१८३०४२
शनिश्चरेमा NIC एशिया बैंकको तल फोन नं. ९८१७०५६११८

शुद्ध दूधको स्वस्थ उत्पादन
**कोसेली**
"सुखद् उत्सव होस वा पारिवारिक समारोहमा कोसेली सधैं तपाईहरुको साथमा"
दूध तथा दूधबाट बनेका सम्पूर्ण उत्पादनहरु बिर्तामोड एरियामा होम डेलिभरीसहित उपलब्ध छ । साथै क्याटरिङ्ग तथा पार्टी भोजका लागि चाहिने सम्पूर्ण दूग्ध परिकार र मिनी रसवरी पनि उपलब्ध छ ।
कालिका डेरी, कृषिथोक पूर्वगेट बिर्तामोड, फोन नं.: ०२३-५३४१२९
९८५२६४४१२९, ९८०२३१३२७२

Ganapati Bakers — Finest Bakery in town
गणपति बेकरीका परिकारहरुका लागि हामीलाई सम्झनुहोस् ।
सम्पर्क नम्बर : बिर्तामोड : ९८१०९४४५७७
काँकरभिट्टा : ९८२०५४४५७७
भद्रपुर : ९८२०१४४५७७

**नेपालीहरुको लागि भरपर्दो सेवा — निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर**
Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को पार्ट्सहरु विशेष छुटमा बिक्री गरिँदैछ ।
यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पाट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ ।
पानीटंकीको पहिलो गल्ली बायाँ साइड सम्पर्क : निशान्त- ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)
नोटः यहाँबाट निःशुल्क ज्योतिष सेवा उपलब्ध गराइन्छ ।
Youtube Channel : Nishat M jotic kendra

**मार्बल शिलालेख**
यहाँ डिजिटल प्रविधिबाट मार्बलमा फोटो खोपिन्छ साथै आर्ट सम्बन्धी सम्पूर्ण कार्यहरु सरल दरमा गरिन्छ
सम्पर्क : एल. बि. आर्ट
बिर्तामोड-४, पश्चिम बस स्टेण्ड अदुवा पुल छेऊ
फोन नं. : ९८४४६८५६००, ९८१६०४९८००

UNIted International Group
**UAE मा रोजगारीको अवसर**
७ दिनमा भिषा आउने
कम्पनी: युनाइटेड इन्टरनेशन ग्रुप LT No . 309924
पद : मेसन, कार्पेन्टर, स्टील फिक्चर, हेल्पर
ASIA LINK SERVICES (P) LTD .
BRANCH OFFICE : BIRTAMOD, JHAPA
Tel: 023-535072 / 531287
Mob: 9852674809 / 9863714421 9807963795 / 9816015488
email: asialinkjhapa@gmail.com phagdhakgroup@gmail.com

**वैदेशिक रोजगार**
अब वैदेशिक रोजगारीका लागि भरपर्दो मेनपावर बिर्तामोडमा
हामीलाई सम्पर्क गर्नुहोस् । बिना झन्झट राम्रो तलब (सेलरी)मा तपाईलाई वैदेशिक रोजगारमा हामी पठाउँछौं ।
सम्पर्क : यूनाइटेड प्लेसमेन्ट एण्ड इम्प्लोइमेन्ट सर्भिस प्रा. लि.
शाखा कार्यालय बिर्तामोड
मो. ९७०२९५९६४० / ९७०२९५९६४१

**हामीलाई सम्पर्क गर्नुहोस्**
सेक्युरिटीमा जागिर खानु परे वा सेक्युरिटी चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस् । हामी तपाईहरुको आवश्यकता पूरा गर्नेछौं ।
नोटः सिबिल वा रिटायर जुनै भए पनि हुनेछ ।
सेभेन स्टार सेक्युरिटी सर्भिस प्रा. लि.
SEVEN STAR SECURITY SERVICE PVT. LTD.
फोन : ०२३-५९१०९५,
मो. ९८०१४१६८४०, ९८०१४१६८४१
मो. ९८०१४१६८४२, ९८०१४१६८४३


## हाडजोर्नी तथा नसाका समस्याहरुको सफल उपचार


पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा
(फोन : ०२३-५३०१२३, ९८०३१५४६१९, ९८१४०३२६६२, ९७६२९००२८८)


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

तेस्रो पटक प्रकाशित मिति : २०८२/०९/०५

यस कम्पनीको मिति २०८२/०९/२० मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साबिकको कम्पनी अवाकस एजुकेशन फाउण्डेशन प्रा. लि. (प्रा. लि. नं. २०८०५) को नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिर्न व्यहोर्नुपर्ने ऋण, धन, कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने, व्यहोर्ने गरी श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८२/०९/३० को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी आदर्श आरम्भ एकेडेमी प्रा.लि. कायम गरिएको व्यहोरा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**अर्जुनधारा नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा, कोशी प्रदेश, नेपाल

## सँधियारका नाममा जारी गरिएको सात दिने सूचना

अर्जुनधारा नगरपालिका वडा नं. ९ बस्ने खगेन्द्र विश्वकर्माको नाममा [redacted]को तपशिल बमोजिमको जग्गामा भवन निर्माण नक्सा पास तथा निर्माण कार्य[redacted]ति पाउा भनी निवेदन तथा नक्सा घर नक्सा पेश गर्नु भएकोमा तपाई स[redacted]को उपस्थिति नरहेकोले स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ३१ को [redacted]क प्रयोजनका लागि यो सात दिने सुचना प्रकाशित गरिदिनुहुन अनुरोध छ ।

**तपशिल**

१. पूर्व तर्फ :- श्री नबिता प्रसाई — २. पश्चिम तर्फ :- श्री ब[redacted]

३. उत्तर तर्फ :- श्री बमबहादुर भट्टराई — ४[redacted] श्री ब[redacted]

| जग्गा रहेको स्थान | कित्ता नं. | क्षेत्रफल | सर्ज[redacted]शि |
|---|---|---|---|
| अर्जुनधारा-९ | ७७४४ | ०-०-१२.५ | २० [redacted] ८२। |

**मेचीनगर नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
इटाभट्टा, झापा
कोशी प्रदेश, नेपाल

## घर नक्सा पासका लागि साँध-सँधियारका नाममा जारी गरिएको १५ दिने सूचना

मेचीनगर नगरपालिका वडा नं. ४ बस्ने श्री टेक बा. तामाङ्गले निजको नाममा दर्ता रहेको बाहुण्डाँगी-१ हाल मेचीनगर-४ स्थित नमूना टोल ग्राभेल मार्गमा पर्ने कि.नं. ४५५२ क्षेत्रफल ०-४-१०.७५ जग्गामा तपशिलमा उल्लेख भए बमोजिम पूर्व/पश्चिम/उत्तर/दक्षिण तर्फका सँधियार श्री नाच टि इस्टेड/इन्दिरा गौतम मिति २०८२/०९/२८ मा साँध-सँधियारको नाममा १५ दिने सूचना टाँस गर्न जाँदा नभेटिनुभएको हुँदा जारी मितिबाट १५ दिनभित्र साँध-सधियार, बाटो, नदीनाला, सार्वजनिक जग्गा, मठमन्दिर आदि कसैलाई असर पर्ने भए उजुरी गर्न यो सूचना प्रकाशित गरिएको छ । तोकिएको मितिमा कुनै किसिमको उजुर बाजुर पर्न नआएको खण्डमा तपशिलमा उल्लेख भए बमोजिमको घर नक्सा पास भई जाने व्यहोरा सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| सि.नं. | जग्गाको विवरण | घरको विवरण | घर जग्गा धनीका सधियारहरु |
|---|---|---|---|
| १ | साविक बाहुण्डाँगी-१ हाल मेचीनगर-४ कि.नं. ४५५२ क्षेत्रफल ०-४-१०.७५ | लम्बाई ९५५० मिटर चौडाई ८६१० मिटर उचाई ३०००मिटर क्षेत्रफल ८२.२२ मिटर | पूर्व श्री नाच टि इस्टेट पश्चिम श्री बाटो उत्तर श्री पदम वा. तामाङ्ग दक्षिण श्री इन्दिरा गौतम |